तिरहुत गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गोईठी, सप्तरी
मधेश प्रदेश, नेपाल

## करार सेवामा वन प्राविधिक पदको पदपूर्ति सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०८२/०१/३१

तिरहुत गाउँपालिकामा निम्न बमोजिमको पदहरुको लागि करार सेवामा कर्मचारी पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले ७ (सात) दिन भित्र आवश्यक कागजातहरु र राजश्व तिरेको रसिद सहित यस गाउँपालिकाको कार्यालयमा आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | विज्ञापन नं. | पद | तह | माँग संख्या | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|
| १ | २/२०८१/०८२ | वन प्राविधिक | छैठो/सातौं | १ (एक) | १०००/- |

आवश्यक न्यूनतम शैक्षिक योग्यता :

(१) वन प्राविधिक : नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालय, शिक्षण संस्थाबाट वन फोरेष्ट्रीमा स्नातक तह उतिर्ण गरेको वा वन फोरेष्ट्रीमा प्रविणता प्रमाण पत्र तह उतिर्ण गरी कम्तीमा ३ (तीन) वर्ष सोही फिल्डमा काम गरेको वा सो सरह उतिर्ण गरेको ।

दरखास्त दिने स्थान : तिरहुत गाउँपालिकाको कार्यालय, गोईठी, सप्तरी ।

दरखास्त दिने अन्तिम मिति : सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन कार्यालय समय भित्र, सो दिन सार्वजनिक बिदा परेको खण्डमा सोको भोली पल्ट कार्यालय खुलेको दिन ।

आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु : आवेदक स्वयंमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातहरुको प्रतिलिपी ।

(क) कार्यालयबाट उपलब्ध आवेदन फाराम ।
(ख) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी ।
(ग) समकक्षता आवश्यक पर्ने भए सोको प्रतिलिपी ।
(घ) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी ।
(ङ) विषयगत क्षेत्रका लागि आवश्यक पर्ने परिषद्मा दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपी
(च) हाल सालै खिचेको पासपोर्ट साईजको फोटो -३ प्रति ।
(छ) परिक्षा दस्तुर तिरेको नगदी रसिद ।

परिक्षाको किसिम : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित तथा अन्तरवार्ता परिक्षा ।

तलब तथा सेवा सुविधा तथा उमेरको हद : प्रचलित कानून बमोजिम तलब तथा सेवा सुविधा पाउने छ । उमेरको हकमा पुरुष २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

दरखास्त दस्तुर : तिरहुत गा.पा.को आन्तरिक राजश्व खाता नं. 2332050029509002 एन.आई.सि. एसिया बैंकमा जम्मा गरी सोको सक्कलै भौचर दरखास्त साथ पेश गर्नु पर्नेछ । साथै विस्तृत विवरण बेवसाईट https://tirahutmun.gov.np हेर्न सकिने छ ।

अन्य :

(क) भविष्यमा सरकारी सेवा निमित्त अयोग्य ठहरिने गरि सेवाबाट बर्खास्त नभएको ।
(ख) प्रचलित कानून बमोजिम अयोग्य नभएको ।
(ग) यस सूचनामा उल्लेख नभएको कुराहरुको हकमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ ।
(घ) आवेदन फाराम यस गाउँपालिकामा सूचनामा तोकिएको परिक्षा दस्तुर तिरी प्राप्त गर्न सकिने छ ।
(ङ) माथि उल्लेखित पदहरुको सन्दर्भमा नेपाल सरकारबाट ऐन, नियम, कार्यविधी र निर्देशिकामा प्रचलित व्यवस्था भए बमोजिम हुनेछ ।

*- प्रमुख प्रशासकीय अधिकृत*